बैठक संख्या:२०

मिति: २०८२।०२।०४ गते

समय: दिउँसो ७: ३० बजे

स्थान: गुठिचौर गाउँपालिकाको कार्यालय जुम्ला

माथि उल्लेखित मिति समय र स्थानमा यस गुठिचौर गाउँपालिका अध्यक्ष श्री दान बहादुर बुढा ज्युको अध्यक्षताम् गाउँकार्यपालिका बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरियो ।

तपशिल

| सि.नं | सहभागिको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दान बहादुर बुढा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री शान्ती कुमारी मल्ल (भण्डारी) | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अर्जुन कुमार महतारा | १ नं वडा अध्यक्ष | |
| ४ | श्री दिप बहादुर ऐडी | २ नं वडा अध्यक्ष | |
| ५ | श्री ईन्द्र बुढा | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री टिकादत्त न्यौपाने | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कमल बहादुर महत | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री बसन्ती बुढा | कार्यपालिका सदस्य | |
| ९ | श्री गोईलु कामी | कार्यपालिका सदस्य | |
| १० | श्री नन्दरुपा न्यौपाने | कार्यपालिका सदस्य | |
| ११ | श्री वासमती कामी | कार्यपालिका सदस्य | |
| १२ | श्री देउराम नेपाली | कार्यपालिका सदस्य | |
| १३ | श्री दिपेन्द्र भण्डारी | सदस्य-सचिव | |

**सहयोगी कर्मचारी**

| सि नं | कर्मचारी नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गंगा प्रसाद पाण्डे | अधिकृत छैटौं | |
| २ | श्री बालकृष्ण चौलागाई | सहायक पाँचौ | |
| ३ | श्री क्षेत्र बहादुर कार्की | कार्यालय सहयोगी | |

## औषधी उपचारको लागी आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२

...वना:

...चौर गाँउपालिकाका सर्वसाधरण जनता, पदाधिकारी तथा कार्यरत कर्मचारिहरुलाई कुनै कारण गम्भिर रोग ... उपचार खर्चको अभाव भई कठिन अवस्था भएकोमा र जीवन निर्वाहको सहज विकल्प नभएको अवस्थामा ...व सरकारको कर्तव्य पुरा गर्नको लागी वाञ्छनिय भएकोले गुठिचौरले यो कार्यविधि बनाएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "गुठिचौर गाँउपालिकाको औषधी उपचारको लागी आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२" हुने छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

१) "आर्थिक सहायता" भन्नाले गाँउ कार्यपालिकाको कार्यालयबाट गाँउपालिकाका निर्वाचित पदाधिकारी, कार्यरत कर्मचारी तथा सर्वसाधारण जनतालाई प्रदान गरिने औषधी उपचार वापत आर्थिक सहायता सम्झनु पर्दछ।

२) "कार्यविधि" भन्नाले गुठिचौर गाँउपालिकाको औषधी उपचारको लागी आर्थिक सहायता सम्वन्धी कार्यविधि सम्झनु पर्दछ।

३) "सिफारिस समिति" भन्नाले औषधी उपचारको लागी आर्थिक सहायता सिफारिस समिति सम्झनु पर्दछ।

४) "पदाधिकारी" भन्नाले गाँउपालिकाका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, महिला सदस्य, दलित सदस्य र वडा सदस्य सम्झनु पर्दछ।

५) "कर्मचारी" भन्नाले गाँउ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा कार्यरत स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारी सम्झनु पर्दछ।

६) "सर्वसाधरण" भन्नाले गुठिचौर गाउँपालिकामा स्थायी बसोबास भएका व्यक्ति सम्झनु पर्दछ।

७) "विशेष परिस्थिति" भन्नाले सुत्केरी अवस्था, दुर्घटना तथा प्राकृतिक विपत्तिमा परी घाईते भएको वा मृत्यु भएको अवस्था सम्झनु पर्दछ।

८) माथि जेसुकै लेखिएको भएता पनि यस कोष स्थापना नहुँदा सम्मको लागी भने गुठिचौर गाउँपालिकाको गाउँसभाबाट विनियोजन गरेको रकम औषधी उपचार तथा आर्थिक सहायत सिफारिस गरेको रकम विनियोजित बजेटबाट सम्बन्धित व्यक्तिलाई भुक्तानि गरिने छ।

९) उपचार खर्च: गुठिचौर गाउँपालिकाका सर्वसाधारण नागरिक, पदाधिकारी तथा कर्मचारिलाई कुनै गम्भिर रोग ( किड्नि बिग्रेको, स्पाईनल इन्जुरि, पार्किन्सन, अल्जाईमर, दिर्घ जटिल क्यान्सर आदि रोग) लागेको खण्डमा विशेष आर्थिक सहयोग गराईन्छ भने विपन्न नागरिकको हकमा माथि उल्लेखित रोगहरु बाहेक अन्य रोगहरु लागे पनि निवेदकको आर्थिक अवस्था हेरेर सहयोग उपलब्ध गराईने छ भनि सम्झनु पर्दछ।

## परिच्छेद -२

### औषधि उपचार वापत् खर्च प्राप्त गर्ने प्रक्रिया

३. उपचार खर्च नपाएर उपचार हुन नसकेका विरामि विपन्न गरिब नागरिकहरु आदि का लागी उपचार खर्च जुटाउन नसक्ने अवस्था भएमा स्वीकृत चिकित्सकको सिफारिसको आधारमा संचालक समितिबाट निर्णय गराई रु. १,५०,०००/- (एक लाख पचास हजार रुपियाँ मात्र) सम्म उपचार खर्च दिन सकिनेछ। यसका लागी निजले औषधी खरिद गरेको बिल अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

४. गुठिचौर गाउँपालिका भित्र बसोबास गर्ने कुनै व्यक्तिलाई कुनै गम्भिर रोग (किड्नि बिग्रेको, स्पाईनल इन्जुरि, पार्किन्सन, अल्जाईमर, दिर्घ जटिल क्यान्सर आदि रोग) लागि उपचार खर्च जुटाउन नसक्ने भनि निवेदन आएमा सम्बन्धित अस्पताल र वडा कार्यालय बाट सिफारिस भएको रहेछ भने संचालक समितिले आवश्यकता र औचित्यतताका आधारमा निर्णय गरी उपचार खर्च दिने सकिनेछ। यसका लागी निजले औषधि खरिद गरेको बिल अनिवार्य रुपमा पेश.गर्नु पर्नेछ।

५. गुठिचौर गाउँपालिका भित्र बसोबास गर्ने कुनै पनि व्यक्तिलाई कुनै गम्भिर रोग (किड्नि बिग्रेको, स्पाईनल इन्जुरि, पार्किन्सन, अल्जाईमर, दिर्घ जटिल क्यान्सर आदि रोग) लागेको खण्डमा विशेष आर्थिक सहयोग उपलब्ध गराईने छ भने विपन्न नागरिकको हकमा माथि उल्लेखित रोगहरु बाहेक अन्य रोगहरु लागे पनि चिकित्सकको सिफारिस आएमा रु.१०,००० देखि रु.२०,०००/- (अक्षरुपि दस हजार देखि बिस हजार रुपियाँ सम्म) निवेदकको आर्थिक अवस्था हेरेर उपचार खर्च दिन सकिनेछ। यसका लागी निजले औषधि खरिद गरेको बिल अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

६. गुठिचौर गाँउपालिका क्षेत्र भित्र कुनै सवारी वा अन्य कुनै दुर्घटना भई तत्काल उद्दार गर्नुपर्ने भएमा घाइते तथा विरामिहरुलाई उपचार स्थलसम्म पुर्याउन एम्बुलेनसका लागी गाउँपालिकाले रु. ५,०००/- (पाँच हजार रुपियाँ) सम्म बिल बमोजिम उपलब्ध गराउन सक्नेछ। दुर्घटनामा गुठिचौर गाउँपालिकाका बासिन्दा परेका रहेछन् र विमा बापत् पाउने रकम नपाएका रहेछन् भने प्रति व्यक्ति रु. ५,०००/- ( पाँच हजार रुपियाँ) सम्म गाँउ कार्यपालिकाले उपलब्ध गराउन सक्ने छ।

७. सुत्केरी तथा रक्त श्राव भई उद्दार गर्नुपर्ने अवस्था देखिएमा उद्दारका लागी आवश्यक पहल गर्ने र सुत्केरिको अकालमै मृत्यु भएमा राहत स्वरुप २५,०००/- (पच्चिस हजार रुपियाँ) सम्म काजक्रिया खर्च उपलब्ध गराउनु पर्ने छ।

८. काजक्रिया अनुदान कुनै पदाधिकारी तथा कार्यरत कर्मचारीको मृत्यु भएमा काजक्रिया बापत निजको परिवारलाई एकमुष्ट रु. ५,०००/- (पाँच हजार रुपिया) काजक्रिया खर्च बापत दिइनेछ।

## परिच्छेद -३

१. औषधि उपचारका लागी आर्थिक सहायता सिफारिस समिति

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| घ) योजना शाखा प्रमुख | सदस्य |
| ङ) आर्थिक प्रशासन प्रमुख | सदस्य |
| च) स्वास्थ्य प्रम | सदस्य |
| छ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

CamScanner

८) <u>औषधि उपचारका लागी आर्थिक सहायता सिफारिस समितिको बैठक:</u>

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

ख) समितिमा अध्यक्ष सहित ४ जना उपस्थिति भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

## परिच्छेद -४

## विविध

९) <u>आर्थिक सहायताको निर्णय:</u>

क) कुनै व्यक्तिलाई आर्थिक सहायता प्रदान गर्दा सञ्चालक समितिको निर्णय बेगर गर्न पाईने छैन।

ख) आर्थिक सहायता प्राप्त गर्नका लागी आवश्यक पुष्ट्याई गर्ने कागजात पेश गर्नुपर्ने छ।

ग) गाउँसभा बाट विनियोजन भएको रकमको अवस्था हेरेर मात्र आर्थिक सहायताको निर्णय गर्नु पर्नेछ।

घ) समितिबाट बहुमतले निर्णय हुन नसकेमा वा हुन नसक्ने अवस्था रहेमा अध्यक्षको निर्णय अन्तिम निर्णय हुने छ। तर यस बापतको दायित्व निजले नै बेहोर्नु पर्नेछ।

ङ) यो कार्यविधि कार्यान्वयनमा आउनु भन्दा अघि भएका राहत सँग सम्बन्धित सबै निर्णय र खर्चहरु यसै कार्यविधि बमोजिम भएका मानिनेछ ती सबै निर्णयहरु र खर्चहरुलाई अनुमोदन गरिन्छ।

१०) <u>यसको लेखा परीक्षण नेपाल सरकारको स्वीकृत मापदण्ड तथा प्रकृयाबमोजिम राख्नुपर्ने छ।</u>

१) विनियोजन बजेटको लेखा राख्ने र लेखा परिक्षण गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत र लेखा उत्तरदायी अधिकृतको हुनेछ।

२) गाउँपालिकाको अन्तिम लेखा परिक्षकले कोषको आन्तरिक लेखा परीक्षण गर्ने छ।

३) गाउँपालिकाको अन्तिम लेखा परीक्षण गर्ने लेखा परीक्षकले कोषको अन्तिम लेखा परीक्षण गर्ने छ।

११) औषधि उपचारका लागी आर्थिक सहायता सिफारिस समिति यस कार्यविधिमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी गाउँकार्यपालिकाले पेश गरे बमोजिम गाउँ सभाले यस कार्यविधिमा संशोधन गर्न सक्ने छ।

१२) <u>पारदर्शिता कायम गर्नुपर्ने:</u> भुक्तानि गरेको रकम र बुझिलिने व्यक्तिको नामावली कार्यालयको वेभसाईटमा सार्वजनिक गरिने छ।

१३) बाधा अड्काउ फुकाउने: यस कार्यविधि अनुसार सञ्चालनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार सञ्चालक समितिमा रहने छ।

अनुसूची -१

## आर्थिक सहायता माग गर्दा भर्नुपर्ने फारम

मिति:-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गुठिचौर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धलमुडी, जुम्ला।

विषय:- आर्थिक सहायता पाउँ भन्ने बारे।

दय,

म/मेरो...................................................................रोगबाट ग्रस्त भई औषधि उपचार ...........................................................................अस्पताल बाट गरेको र मेरो आर्थिक अवस्था निकै कमजोर काले विरामी भएको वखत अत्याधिक रकम खर्च भएको हुँदा रु. ...........................................................आर्थिक सहायता पाउँ भनी यो निवेदन पेश गरेको छु।

निवेदक:

नाम:

ठेगना:

नागरिकता नं. :

मोवाईल नं. :

हस्ताक्षर, मिति:

: निवेदन सहित वडाको सिफारिस, अस्पताल वा आधिकारिक चिकित्सकको सिफारिस र निवेदकको औंठा दस्तखत सहितका सक्कलै बिल भर्पाई अनिवार्य संलग्न हुनु पर्ने छ।